नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 23 No 1 Monthly International Edition of Herald of His Coming January 2022

वर्ष २३, अङ्क १ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (माघ, २०७८)

ख्रीष्टको महिमाको सुसमाचार

The Gospal of the Glory of Christ

By Charls H. Spurgeon

March/April 2022

हामी आज दोस्रो कोरिन्थीको पुस्तक ४ : ४ बाट अध्ययन गर्नेछौं जहाँ यी तलका शब्दहरू पाउन सकिन्छ ।

"तिमीहरूका विषयमा भनौं भने ख्रीष्ट, जो परमेश्वरको रूप हुनुहुन्छ, उहाँको महिमाको सुसमाचार तिमीहरूले नदेखुन् भनेर ...।" पावल एक विचारक मानिस थिए । गिदोनको घटनामा ऊमाथि शीतले छपक्कै ढाकेजसतै उनको आत्मा पूर्णरूपमा भरिएको थियो । यो समयमा पावलले अरु केही पनि सोच्न सकेका थिएनन् तर ख्रीष्टको महिमा मात्र सोच्न सक्दथे । उनले क्रुसमा झुण्डिएको येशूलाई बाहेक कसैलाई पनि सोच्न सक्दैनथे । पावलको समयमा राजनैतिक र ठुला ठुला सामाजिक समस्याहरू थिए जसको विषयमा सोच्न पनि सकिँदैन । ती सबै समस्याहरूको समाधान अरु कुनै थिएन केवल महान् मुक्तिदाताको प्रचारमात्र थियो । पावल बाँच्नुको एउटै मात्र कारण थियो, त्यो कारण ख्रीष्टको लागि मर्नु मात्र थियो । उनले कहिल्यै पनि आफ्नो ज्यानको ख्याल राखेनन् । उनले ख्रीष्टको खातिर आफ्नो जीवनलाई कहिल्यै पनि प्रिय ठानेनन्, सधैं जीवनलाई जोखिममा राखिरहे । उनले सधैं ख्रीष्टलाई हेर्न सके र उहाँलाई पक्रिराख्न र भेट्टाउन प्रयास गरिरहे, केही हदसम्म उनी सफल पनि भए ।

ख्रीष्टको व्यक्तित्व

सुसमाचारको महिमाचाहिँ, हाम्रा प्रभु येशूको व्यक्तित्वमा निहित छ । उहाँ हरेक मानव जातिका मुक्तिदाता हुनुहुन्छ र उहाँ परमेश्वर नै हुनुहुन्छ । "... सर्वोच्च परमेश्वर जसको युगान युग स्तुति होस् आमिन् ।" (रोमी ९ : ५) के परमेश्वरको वचनमा यस्तो भनिएको छैन र आफ्नो प्रथम जन्मेकालाई संसारमा ल्याउनु हुँदा, उहाँ फेरि भन्नुहुन्छ, "परमेश्वरका सारा स्वर्गदूतले उहाँलाई नै पुजुन् ।" (हिब्रू १ : ६, १२ : १५) परमेश्वरका स्वर्गदूतहरूसँगै हामी येशू ख्रीष्टलाई परमेश्वरको रूपमा पूजा गर्दछौं । हाम्रा उद्धारकर्ता पनि मानिस नै हुनुहुन्छ - हामीजस्तै मानिस । यो अपवादको साथबाहेक उहाँमा कुनै प्राकृतिक भ्रष्टताको दाग छैन र कुनै पापको कार्यले उहाँको चरित्रलाई दाग पारेको छैन । उहाँको चरित्रलाई एकपटक विचार गर्नुहोस् त परमेश्वर र मानिस एकैजनासँग, यो ठुलो रहस्य हो जो ख्रीष्टमा मात्र थियो । यसैकारणले उहाँ अद्वितीय हुनुहुन्छ । उहाँ परमेश्वर पिताको महिमाको ज्योति र जन्मिएका एक दाजु हुनुहुन्छ ।

सुसमाचार यही हो, परमेश्वरका पुत्र हाम्रा प्रभु येशू ख्रीष्टले स्वयं महिमित रूपमा मानिसहरूको मुक्तिलाई लिनुभयो, त्यसैकारणको लागि उहाँलाई देह बनाइयो र हाम्रा बिचमा वास गर्नुभयो र हामीले उहाँमा परमेश्वरको महिमा देख्यौं । यदि हामीले पूरै बिरामीहरूले भरिएको अस्पताललाई देख्यौं भने त्यहाँ रहने सम्पूर्ण

बिरामीहरूको लागि यो अति नै महान् सुसमाचार हुनेछ। हामीले तिनीहरूलाई भन्न सक्छौं एक महान् चिकित्सक परमेश्वरले बनाउनुभएको थियो उहाँ खीष्ट हुनुहुन्छ । त्यहाँ रहनेहरूको लागि कति महान् सुसमाचार हुनेछ। अझै ती बिरामीहरूलाई "म तपाईंहरूलाई एकजना महान् चिकित्सकलाई परिचय गराउन चाहन्छु जसले तपाईंहरूका आत्मिक र शारीरिक रोगहरू निको पार्नुहुन्छ।" भन्ने हो भने तिनीहरूको लागि कति खुसीको कुरा होला। अझै तिनीहरूलाई उत्साहसाथ चाखलाग्दो प्रकारले "आज तपाईंहरूलाई निको पार्न एकजना चिकित्सक आउँदै हुनुहुन्छ जो अचम्मको बुद्धिले भरिएको, कहिल्यै परिवर्तन नहुने, मायालु, कोमल, अधिक शक्ति भएको हुनुहुन्छ" भने तिनीहरूको मन कस्तो होला, तिनीहरूले के गर्लान् ?

तिनीहरू आफ्नो ओछ्यानमा कसरी खुसी हुँदै मुस्कुराउलान् यही नै सुसमाचार हो, यसैले तिनीहरूलाई उत्साह मिल्नेछ। तिनीहरूले यो खबर सुनेपछि नैराश्य हुने त कुरै भएन। अब तिनीहरूले थाहा पाउनेछन् खीष्टबाहेक अरु कोही पनि महिमाका परमेश्वर हुनै सक्नुहुन्न। उहाँ परमेश्वरका पुत्र महिमित पुत्र हुनुहुन्छ। खीष्टको रहस्यमय व्यक्तित्व सुसमाचारको केन्द्र हो, यही नै विश्वासीहरूको आधार हो। उहाँको रहस्यमय चरित्रले मानवजातिलाई बचाउन सक्नुहुन्छ। उहाँ कुनै स्वर्गदूत हुनुहुन्न, तर "इम्मानुएल"। हेर एउटा कन्याले गर्भधारण गर्नेछिन्, र त्यसले एउटा पुत्र जन्माउनेछिन् र उहाँको नाउँ इम्मानुएल राखिनेछ।" (मत्ती १ : २३) उहाँ असीमित परमेश्वर हुनुहुन्छ उहाँको कृपा असीमित छ। हे, अपराधीहरू, जो पश्चातापको ओछ्यानमा सुतिरहेका छन्, शोकमा पर्न तयार छन्, आज तपाईंहरूको छुटकाराको लागि आवश्यकता पर्ने मुक्तिदाता उहाँ नै हुनुहुन्छ। कृपया तपाईंहरूले उहाँ को हुनुहुन्छ भनी सोच्नुहोस् र उहाँलाई हृदयमा ग्रहण गर्नुहोस्। यदि तपाईंहरूले उहाँलाई शंका गर्नुभयो भने मैले मेरो विश्वासको जगतलाई लत्याएको हुनेछ, तपाईंमा मात्र साँचो आशा छ। प्रियहरू जब तपाईंले उहाँलाई आफ्नो जीवनमा परमेश्वर भएको देख्नुहुन्छ। यो याद गर्नु उहाँमा कुनै कुरा पनि असम्भव छैन यदि मैले मेरो जीवनमा उहाँमाथि शंकाको मनले सोचेको छु भने मैले तपाईंमा कहिल्यै पनि विश्राम लिन सक्ने छैन किनभने तपाईंलाई मैले फेरि चिन्ने मौका नपाउन सक्दछु।"

प्रियहरू, प्रभु येशू र अहिले तपाईंकोसामु उभिनुभएको छ। आत्मा उहाँमाथि विना मापन बास गर्नुहुन्छ र यसरी यस प्रकृतिमा उहाँ पहिलो र अन्तिम हुनुहुन्छ। तपाईंले उहाँलाई स्वीकार गर्नुभयो भने तपाईंको लागि मुक्ति निश्चित छ र महिमाको सुसमाचार यही नै हो।

खीष्टको प्रेम

खीष्टको महिमा उहाँको व्यक्तित्वमा मात्र सीमित छैन, उहाँले मानिसहरूलाई गर्ने प्रेममा निहित छ। यो सम्झनुहोस्, अनन्तकालदेखि नै परमेश्वरका पुत्रले मानव जातिलाई प्रेम गर्नुभएको छ। "उहाँले बताउनुभएको सिङ्गो संसारमा आनन्दित हुँदै म मानव जातिमा प्रसन्न रहन्थें" (हितोपदेश ८ : ३०) उहाँ यस पृथ्वीमा आउनुभन्दा धेरै अघि उहाँले पितासे दिनुभएका मानिसहरूलाई असाध्य प्रेम गर्नुहुन्थ्यो र एक आपसमा प्रेम गर भनी आफ्ना चुनिएकाहरूलाई प्रार्थनामा एक हुन भन्नुभएको थियो। उहाँ आपैंले तिनीहरूलाई अनन्त प्रेमले प्रेम गरेर एउटा उदाहरण देखाउनुभयो। उहाँले हामीलाई अति नै प्रेम गर्नुभयो। उहाँ हाम्रो बिचमा तल ओर्ली आउनुभयो र हामीलाई छुटकारा दिनुभयो। स्वर्गले उहाँलाई समात्न सकेन, हाम्रो पाप र लाजको बिचमा आएर उहाँले हामीलाई प्रेम गरी नै रहनु भयो। "निस्तार चाडको अघि यस संसारबाट बिदा भएर पिताकहाँ जाने उहाँको समय आइपुग्यो भन्ने येशूले थाहा पाउनुभयो, अनि संसारमा आफ्ना जातिलाई प्रेम गरेर उहाँले तिनीहरूलाई अन्त्यसम्मै प्रेम गर्नुभयो।" (यूहन्ना १३ : १) प्रेम हाम्रो मुक्तिदाताको हृदयभित्र भएको कुरा हो। त्यही कुरा उहाँले आफ्ना चुनिएकाहरूलाई देखाउनु भयो। त्यो प्रेमको महिमा जसको कुनै सुरु अन्त छैन, स्वार्थ वा सीमा छैन। यो सुसमाचारको भित्री कार्य हो जो खीष्टको रगतद्वारा मानिसहरूको हृदयमा प्रवेश गर्दछ। येशूको प्रेम बुझ्ने मानिसहरूको लागि यो निकै ठुलो कुरा हो। हाम्रा महान् चिकित्सकले हामीजस्ता बिरामीहरूलाई प्रेम गर्नुहुन्छ। उहाँ

महामारीले थलिएका, पक्षघाती जस्ता रोगले ग्रसितहरूको बीचमा चिकित्सक भएर आउनुहुन्छ । येशू पापीहरूको भित्र हुनुहुन्छ । मेरो हृदयले जहिले पनि येशू कस्तो प्यारो मित्र भनेर सधैँ उहाँलाई गाउन मन पराउँदछ । महिमित सुसमाचार ख्रीष्तको प्रेममा निहित छ ।

ख्रीष्टको अवतार

प्रिय मित्रहरू ! हामीसँग सधैँ उठिरहने प्रश्न- के ख्रीष्ट परमेश्वरको अवतार हुनुहुन्छ ? हो जब हामी उहाँको अवतारमा परमेश्वरको महिमा देख्दछौँ के उहाँ बेथलेहममा जन्मुभएको, नासरतमा हुर्कनुभएको वा बस्नुभएको, साधारण व्यक्ति कसरी अवतार लिनुभयो ? के मुक्तिदाता पनि सिकर्मीको छोरा हुनुपर्छ यो त उहाँलाई गरिएको अनादर होइन र तर सबै युग गरी यो मध्यस्थको महिमा हुनेछ, कि उहाँले हामीलाई मासु र रगतको सहभागी हुन नियुक्त गर्नुभयो । उहाँको गरिबीपना र लाजमा नै महिमा छ । यस पृथ्वीमा ख्रीष्टको शिर राख्ने ठाउँ थिएन त्यसैमा उहाँको महिमा, उहाँको थकान, भोक, दुःख या महिमा, गेतसमनिको प्रार्थना करारबाट महिमा, कल्वरीबाट रगतको मुहान त्यसैट महिमा, क्रूसको मृत्युबाट महिमा, कस्तो महान् कार्य । उहाँलाई थुक्ने, कार्रा हान्ने, किल्ला ठोक्ने, बेइज्जत गर्नेलाई क्षमा दिनसक्नु यो स्वर्गबाट पृथ्वीमा आएको महिमा हो जुन ख्रीष्ट बाहेक कसैले गरेको पनि छैन, गर्न सक्दा पनि सक्दैन । यो कार्य परमेश्वरका पुत्र परमेश्वरको अवतार भएर मात्र गर्न सक्नुहुन्छ ।

ख्रीष्टको महिमाको अवतार मानिसहरूको लागि सुसमाचार हो । जब हामी परमेश्वरलाई मानव शरीरमा देख्छौँ हामी भित्र मेलमिलापको आशा राख्छौँ । हाम्रो र परमेश्वरको बिचमा बिग्रिएको सम्बन्धलाई परमेश्वरका एकमात्र अवतार ख्रीष्टले पुल बनी नदीका दुई किनारालाई जोड्नुभयो । हामी पापी मानिसहरू ख्रीष्टद्वारा परमेश्वरकहाँ पुग्ने भयौँ कस्तो रहस्य । उहाँले हाम्रो शरीरलाई नै स्वीकार गर्नुभयो भने, हाम्रो रोगको के कुरा गर्नु ? हाम्रा दुर्बलताहरू शारीरिक र आत्मिक रोगहरू उहाँले लिनुभएको छ ।

कन्या मरियमद्वारा जन्मिएर हाम्रा प्रभु हाम्रो बिचमा आउनुभएको हो । उहाँले यस पृथ्वीमा छँदा दुःख र कष्टको जीवन बिताउनुभयो । उहाँ हाम्रो आशा हुनुहुन्छ । जस्तो लेखिएको छ "किनभने परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनु भएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो ।" (यूहन्ना ३ : १७) हेर्नुहोस्, म तपाईंको निम्ति प्रार्थना गर्दछु, उहाँको महिमाको जीवनले, अचम्मका कामहरूले पतितहरूलाई जीवन दिनुभयो । आफैँलाई आज एकपटक सोच्नुहोस् पापको बन्धनमा परेका मानिसलाई परमेश्वरले गर्न चाहनुभएको उद्धरको मार्ग यही हो । यो भन्दा महान् महिमाको योजना पापीहरूको लागि केही छैन । यो नै ठुलो सुसमाचार हो ।

के परमेश्वरले आफ्नो महिमाको लागि मानिसहरूलाई पर्दाले ढाकेर राख्नुहुन्छ ? हो कति कुराहरू मानिसहरूले बुझ्न सक्दैनन् तर परमेश्वरले मानिसबाट कुनै कुरा पनि छिपाएर राख्नु भएको छैन । आफूले बनाएको मानिसलाई उहाँले प्रेम गरेकाले जसजसले उहाँलाई स्वीकार गर्दछन् तिनीहरूसँग उहाँ अनन्तसम्म बस्न चाहनुहुन्छ, हो स्वर्ग त्यही हो । वचन देहधारी भएर हाम्रो बिचमा आउनुभएको हो, उहाँलाई जसजसले देखेका छन्, तिनीहरूले परमेश्वरको महिमा देखेका छन् ।

ख्रीष्टको प्रायश्चितको बलिदान

ख्रीष्टको बलिदानमा उहाँले मानिस जातिलाई गर्नुभएको बलिदानपूर्ण प्रेम देख्न सकिन्छ । उहाँको यो कार्यले उहाँको महिमा मानिसहरूले बुझ्न सक्दछन् । तर केही क्षण तपाईं यहीँ रोकिनुहोस् त, के यो कार्य उहाँको अपमान र उहाँको लाजको कुरा थियो त ' "हो त्यो कुरा एकदमै सत्य हो, त्यसैमा यो कार्य उहाँको महिमा हो । के ख्रीष्टको क्रूसको मृत्युले सबैजनालाई उहाँतर्फ तानेको हैन र ? यी सबै क्रियाकलापहरूले उहाँलाई नै महिमित तुल्याएको छ । उहाँको रगतले धोइएको लुगा सफा कि फोहर ? यो एकदमै सफा हो उहाँको रगतले हाम्रा सम्पूर्ण पाप र अपराधहरू पखाल्छ । उहाँको बगिरहेको रगतलाई एक पटक हेर्नुहोस् । यो कुनै सामान्य व्यक्तिको रगत होइन । यो बलिदानको रगत हो जो सम्पूर्ण मानवजातिको मुक्तिको निम्ति उहाँले बगाउनुभएको हो । यो रहस्यलाई हामीले बुझ्ने हो भने के यो कार्यले उहाँलाई अझै महिमित पारेको छैन र ? जब हामी उहाँले गर्नुभएका कार्यहरूलाई हेर्छछौँ, उहाँलाई हामी आदर गर्दछौँ । उहाँले हाम्रो जीवनमा गर्नुभएको

कार्यलाई विचार गर्दा उहाँलाई जति आदर गरे पनि पुग्दैन । उहाँ धेरै आदरको योग्य हुनुहुन्छ । हामी मर्नुपर्ने क्रूसमा धर्मी येशू मर्नुभयो यो सुसमाचारको अर्को असल पक्ष हो । येशूले हाम्रो सट्टामा दुःख भोग्नु भयो । "हामी पापको लेखी मरेर धार्मिकताको लेखी जिऔं भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो । उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ ।"

येशूले क्रूसमा गर्नुभएको कार्य हाम्रो लागि यो भन्दा महान् कार्य अर्को छैदैछैन । परमेश्वरले हामीमाथि गर्नुहुने सम्पूर्ण न्याय खीष्टले क्रूसमा बोक्नुभयो । यहोवा परमेश्वरको न्यायको दण्डाले कुमालेको भाँडाहरूलाई फलामको डण्डीले फुटाएजस्तै उहाँले हाम्रा पाप र अधर्मलाई चकनाचुर पारिदिनुभयो । हामीमा पर्ने दण्ड खीष्टमा पऱ्यो, हेर्नुहोस् त उहाँ मृत्युसम्मै आज्ञाकारी हुनुभयो । "स्वरूपमा मानिसजसतै भएर आफैंलाई होच्याउनुभयो र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो ।" (फिलिप्पी २ : ८) यस क्रियाकलापमा खीष्टले मृत्युलाई जित्नुभयो जहाँबाट दुष्ट र संसार हाऱ्यो । उहाँको यस कार्यले उहाँको महिमा र ख्यातिको लागि एउटा निश्चित जग बसाल्यो । जब उहाँ मृत्यु हुँदै पुनरुत्थान र स्वर्गीय मुकुट प्राप्त गर्ने ठाउँमा पुग्नुभयो, यो क्रियाकलापबाट उहाँले पापलाई जित्नु मात्र भएन व्यवस्थामा भएका सबै कुराहरूलाई पूरा गर्नुभयो । यो महिमाको सुसमाचार हो । परमेश्वरको दुःखले हामी खुसी र आनन्दित हुन सक्यौं । यो कुरालाई हामीले बुझ्ने प्रयास गरौं । अब अर्को बलिदानको कुनै आवश्यकता परेन । के तपाईं यो कुरा बुझ्दै हुनुहुन्छ ?

खीष्टको पुनरुत्थान

अब हामीहरू खीष्टको पुनरुत्थानको विषयमा जीवनको लागि अलि अगाडि सँगै यात्रा गर्नेछौं । येशू खीष्टो मृत्यु र पुनरुत्थान एउटा बुझ्नै नसकिने कुरा हो । खीष्टको मृत्युलाई चिहानले लुकाएर राख्न सकेन । उहाँको शरीर पवित्र थियो त्यो चिहानमा रहन सकेन । उहाँको मृत्यु भएको शरीर केही समय मात्र चिहानमा रहन सक्यो तेस्रो दिनमा उहाँ मृत्युबाट पुनरुथान हुनुभयो । उहाँ बौरी उठ्नु भयो र जीवनमा आउनु भयो । उहाँ ज्योतिर्मय हुनुभयो र धेरै मानिसहरू कहाँ देखा पर्नुभयो र धेरैलाई छुटकारा दिनुभयो । खीष्ट महिमामा उठ्नुभयो र उहाँ स्वर्गमा चढी जानुभयो । यो महिमित सुसमाचार हो । यो सन्देश संसारलाई कसले बताउने ?

"येशू खीष्ट हाम्रा प्रभु मरेकाहरूबाट पुनरुत्थान हुन भएर पवित्रताको आत्माअनुसार शक्तिमा परमेश्वरका पुत्र ठहरिनुभया ।" (रोमी १ : ४)

"प्रभु येशूचाहिँ अनन्त हुनुभएकोले उहाँको पुजाहारी पद अचल रहन्छ, फलस्वरूप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ । किनभने हामीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढाउन उहाँ जीवन रहनुहुन्छ ।" (हिब्रू ७ : २४, २५)

हे हाम्रा बौरी उठ्नुभएका प्रभु ! तपाईंलाई महिमा होस् । तपाईंको गहिरो आवाज मैले सुन्न सकुँ । प्रभु मेरो लागि योभन्दा ठुलो आनन्द के हुनसक्छ र ? तपाईंको बौरी उठाइले मलाई मृत्युको चिहानबाट उठाएर अनन्त राज्यमा लगेको छ । आमिन् !

खीष्टको सिंहासन र दोस्रो आगमन

एकपटक हामीले हाम्रा आँखा अलि माथि उठाऔं; हाम्रा प्रभुको सिंहासन र उहाँको दोस्रो आगमनको महिमालाई ध्यान दिएर हेरौं । पुनरुत्थानपछि उहाँ पिताको दाहिने हातपट्टि स्वर्गमा बास गर्नुभएको छ । त्यही खीष्ट जो एकपटक क्रूसमा टाँगिनु भएको थियो, निन्दा र गिल्ला सहनुभएको थियो । बाइबल भन्दछ, "तपाईंले सबथोक तिनका चरणमुनि राखिदिनुभयो । मानिसको अधिनमा सबथोक राख्नु हुँदा तिनको अधिनबाहिर केही रहन दिनुभएन तर त्यस वर्तमान समयमा सबथोक मानिसको अधिनमा भएको हामी देख्दैनौं । तर हामी येशूलाई देख्दछौं उहाँ अलिबेरको निम्ति स्वर्गदूतहरूभन्दा केही तल होच्याइनुभयो, मृत्युको कष्टको कारण महिमा र आदरको मुकुट उहाँलाई पहिऱ्याइयो, यस हेतुले कि परमेश्वरको अनुग्रहद्वारा हरेक मानिसको निम्ति उहाँले मृत्युको स्वाद चाखुन् ।" (हिब्रू २ : ८, ९)

हो, हामीले प्रचार गर्नुपर्ने महिमाको सुसमाचार यही नै हो । यहाँ स्पष्ट हुन्छ कि उहाँले हाम्रा सबै शत्रुहरूलाई जित्नुभयो । हाम्रो तर्फबाट सम्पूर्ण र स्वर्ग पृथ्वीको सारा अधिकार उहाँसँग निहित छ । परमेश्वरले

लगनशील खोज

Making Deligent Search

Lois J. Stucky (1928 - 2014)

आज परमेश्वरले आफ्नो पूर्ण हृदयको मानिसलाई फेला पार्नुभयो भने उहाँ कति खुसी हुनुहुन्छ होला । परमेश्वरले आफ्नो हृदयको मानिसलाई खोजिरहनुभएको छ । उहाँले हृदयदेखि नै आफूलाई समर्पण गर्ने मानिस को होला भनी विचार गर्दा तपाईंलाई हेर्नुहुन्छ र भन्नुहुन्छ- के तिमी त्यो मानिस हौ ? परमेश्वरले हामीलाई उहाँका छोरा छोरीको रूपमा हेर्नुहुन्छ र उहाँले सधैं प्रेम गरिनै रहने चाहनुहुन्छ, उहाँले स्पष्ट भन्नुहुन्छ "पिताले जसरी मलाई प्रेम गर्नु भएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु, तिमीहरू मेरो प्रेममा रहो, यदि मेरा आज्ञाहरू पालन गऱ्यौं भने तिमीहरू मेरा प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु । मैले यो कुरा यसैकारण भनेको छु कि मेरो आनन्द तिमीहरूमा होस् र तिमीहरूको आनन्द भरिपूर्ण होस् ।" (यूहन्ना १५ : ९ - ११)

यहाँनेर एउटा प्रश्न उठ्न सक्दछ, हामी उहाँको प्रेममा कसरी रहन सक्दछौं र यसलाई कसरी कायम राख्न सक्दछौं । धेरै अनुवादकहरू उहाँको प्रेममा जीवित हुनुहोस्, भित्रै पस्नुहोस् भनी व्याख्या गरेका छन् । फेरि प्रश्न उही आउँछ त्यो कार्य कसरी गर्ने ? येशूले आफ्ना चेलाहरूलाई यसरी पहिले नै भन्नुभएको थियो । "म पितामा छु र पिता ममा हुनुहुन्छ भनेर के तिमी विश्वास गर्दैनौ ? जुन वाणी म तिमीहरूलाई भन्दछु त्यो मैले मेरो आफ्नै अधिकारमा बोलेको होइनँ तर ममा बास गर्नुहुने पिताले आफ्नो काम गर्नुहुन्छ ।" (यूहन्ना १४ : १०) परमेश्वरको वचनको आज्ञाकारिताले उहाँको प्रेम हाम्रो जीवनमा चिरस्थायी रूपमा बसाल्छ । यो हामीले परमेश्वरका छोराछोरी भएर पाउने पुरस्कार पनि हो । बिहानीको समयमा परमेश्वर सँगसँगै रहनुले उहाँको प्रेमलाई राम्रोसँग बुझ्न सकिन्छ । वास्तवमा उहाँले यस्तै मानिसहरू खोजिरहनुभएको छ । बिहानै हामी परमेश्वरको वचन पढ्न र मनन गर्न सक्दछौं र हामीले कसरी उहाँको आज्ञापालन गर्ने शक्ति पनि हामीले बिहानीको समयबाट प्राप्त गर्न सक्दछौं ।

यी अनिश्चित दिनहरूमा, हाम्रा जस्तासुकै परिस्थितिहरू भए पनि परमेश्वरको नजिक हुनु अति नै बुद्धिमानी हुन्छ । अनायासमा हाम्रो जीवनमा कस्ता समस्याहरू आइलाग्छन्, त्यो विषयमा कसलाई के थाहा छ र ?

हुन सक्छ हामीलाई विभिन्न समाचारका गहिराइहरूबाट बचाउन सक्ने कारण हामी परमेश्वरले आज्ञापालनबाट नै सुरु हुन सक्दछ । यो संसारले हामीलाई विभिन्न प्रकारले मोहित पार्न सक्दछ । मत्ती २५ : १ - १३ लेखिएको बुद्धिमानी र निर्बुदी कन्याहरूको उदाहरणलाई हेरौं, हामी कतातिर छौं ? बत्तीमा तेलको जोहो गर्ने कन्याहरूतिर कि निदाउने कन्याहरूतिर ? हामी आत्मिक रूपमा वृद्धि हुने समयहरूलाई व्यर्थैमा फाल्नु हुँदैन । उहाँसँगै रह्यौं भने जीवनमा आफ्नै वा बाहिरबाट आउने आँधीबाट हामी सुरक्षित रहन सक्छौं । त्यसैले हामीले जति परमेश्वरलाई भेट्टाउन सक्छौं खोजी गरौं ।

हामीतर्फ देखाउनुभएको प्रेम खीष्टद्वारा प्रदर्शन भएको छ ।

उहाँको दोस्रो आगमनलाई हामी पर्खिरहेका छौं । यो हाम्रो ईश्वरीय आशा हो । यो निश्चित त छैन उहाँ कहिले हामीलाई लिन आउनुहुन्छ, सायद हामी परमेश्वरको घरमा जानुभन्दा पहिले प्रभु स्वर्गबाट आउनु हुनेछ र ओर्लनु हुनेछ । प्रधानदूतहरूको साथमा तुरहीको चर्को स्वरमा उहाँ आउनु हुनेछ । यी पदहरू हेरौं-

"तब धर्मीजनहरू आफ्ना पिताका राज्यमा सूर्यजस्ता चम्किला हुनेछन् । जसको कान छ त्यसले सुनोस् ।" (मत्ती १३ : ४३)

"तर भाइ हो, सुतिगएकाहरूका विषयमा तिमीहरू अन्जान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरू जस्ता शोक गर्नु नपरोस् । किनकि हामीहरू विश्वास गर्दछौं, कि येशू मर्नुभएको र फेरि जिई उठ्नुभयो र त्यसरी नै परमेश्वरले उहाँमा सुति जानेहरूलाई येशूद्वारा ल्याउनुहुनेछ (१ थेसलोनिकी ४ : १३ - १८) हामी स्वर्गमा सधैं रहने कुरा सबैभन्दा ठुलो महिमाको सुसमाचार हो ।

येशू ख्रीष्टका तीनवटा ठूला आवेदनहरू

Three Great Petitions of Christ

By J.C. Ryle

"तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो । जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, म आफैलाइ पवित्र पार्दछु । ताकि तिनीहरू पनि सत्यमा पवित्र होऊन् । म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिन, तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु, कि तिनीहरू सबै एक होऊन्, हे पिता जसरी तपाईं ममा हुनुहुन्छ र म तपाईंमा, त्यसरी तिनीहर पनि हामीमा होऊन् र तपाईंले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस् ।

जुन महिमा तपाईंले मलाई दिनुभएको छ, मैले तिनीहरूलाई दिएको छु । ताकि हामी एक भएझैं तिनीहरू पनि एक होऊन्, म तिनीहरूमा अनि तपाईं ममा र तिनीहरू पूर्ण रूपले एक होऊन् र तपाईंहरूले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस् । धार्मिक पिता संसारले तपाईंलाई चिन्दैन, तर म तपाईंलाई चिन्छु, अनि तपाईंले मलाई पठाउनु भएको हो भनी यिनीहरूले जान्दछन् । मैले तपाईंको नाउँ यिनीहरूमा प्रकट गराइरहनेछु, ताकि जुन प्रेमले तपाईंले मलाई प्रेम गर्नुभयो, त्यो तिनीहरूमा रहोस् र म तिनीहरूमा रहुँ ।" (यूहन्ना १७ : १७ - २६)

यी माथिका सुन्दर पदहरू प्रार्थनाको अन्त्य हुने समयमा भएका थिए । पहिले प्रभुभोजको अन्तिम प्रार्थना थियो । आफ्ना चेलाहरूको सट्टामा येशूले दिनुभएको तीनवटा आवेदनहरू निम्न छन्-

१) शुद्धीकरण २) एकता र ३) उहाँको महिमालाई हेर्नु,

१) शुद्धीकरण -

येशूले आफ्ना मान्छेहरूको शुद्धताको निम्ति कसरी प्रार्थना गर्नुभयो त्यसलाई विचार गरौं, "तिनीहरूलाई सत्यतामा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो ।" हामी यसको बारेमा वादविवाद गर्नु आवश्यक छैन । शुद्धता भनेको पवित्र बन्नु हो । यो पिताले आफ्ना चेलालाई पवित्र हुनको निम्ति गरिएको प्रार्थना हो । उनीहरूको जीवन सबैभन्दा पवित्र आत्मिकी शुद्ध भएको होस् । चेलाहरूको निम्ति येशूले कति कुराहरू गरिसक्नु भएको थियो । उहाँको उद्देश्य सबैभन्दा महान विचार सम्पूर्ण मण्डलीका विश्वासीले उहाँमा पवित्र भएर सत्यताको सुवासना फैलाउन, भन्ने थियो ।

हामीलाई थाहा छ कि उहाँले तिम्रो प्रार्थनामा धार्मिकता मानिसलाई देखाउने प्रकारले गर त भन्नु भएन तर पनि आफ्नो व्यवहारले नम्र भएर उहाँको महिमा गर्नलाई विशेष जोड दिनुहुन्छ । हरेक येशूका सेवकहरू पवित्रतामा जीउनु पर्छ । पवित्र भएर जीउनु नै ख्रीष्टियनहरूको परिचय हो । मानिसलाई यस्तो मन नपर्न सक्छ तर असल सेवक बन्ने हो भने उनीहरूले सत्यतालाई पन्छाउन पर्छ । यस्तो असल जीवनले ख्रीष्टको परिचय गराउदछ, यस्तै जीवन द्वारा मात्र संसार हात पार्न सकिन्छ । जो हरू उहाँद्वारा शुद्ध भएका छन् तिनीहरूलाई येशूले मेरा मानिसलाई म कहाँ ल्याओ भन्नै माग्नुहुन्छ । जसले परमेश्वरको पवित्रतामा आफ्नो जीवनलाई सेवामा लगाएका हुन्छन् उनीहरू सधैं ख्रीष्टमा खुसी, पवित्र, आनन्द जीवन जीउदै उहाँको नजिकतामा रहेका हुन्छन् । जसले पवित्रतालाई वस्ता गर्दैनन, उनीहरूले ख्रीष्टको दिनमा न्याय दिनु पर्नेछ ।

२) एकता -

दोस्रो कुरा ख्रीष्टले आफ्ना मानिसहरूको एकताको निम्ति कसरी प्रार्थना गर्नुभयो याद राख्नुपर्छ । "कि तिनीहरू सबै एक होउन् । हे पिता जसरी तपाईं ममा हुनुहुन्छ र म तपाईंमा, त्यसरी तिनीहरू पनि हामीमा होऊन् र तपाईंले मलाई पठाउनु भयो भनि संसारले विश्वास गरोस् ।" यो नै सबैभन्दा महत्वपूर्ण आवेदन ख्रीष्टले आफ्ना चेलाको निम्ति प्रार्थना गर्नुभयो ।

ख्रीष्टियनहरूलाई एकताको कति मूल्य हुन्छ भनेर सोध्नु आवश्यक हुँदैन, साथै पापमय अनेकताले कसरी विभाजन ल्याउँछ भन्ने पनि थाहा छ । त्यसको लागि यो पदमा हाम्रो येशूले हामीलाई सिकाउनु भएको छ । धार्मिक सत्यतामा विभाजन आउनु भनेको कति दुःखको

कुरा हो यो नै खीष्टको मण्डलीको कमजोरी हो । प्राय जसो विश्वासीहरूले अरूको बारेमा नराम्रो कुरा गरेर समय बिताएका हुन्छन् बरु त्यसो गर्नभन्दा पाप र शैतानको विरुद्धमा आत्मिकी कुरा गरेर समय बिताएको भए राम्रो हुने थियो । हामीलाई कति चोटी विश्वास गरेपछि संसार भन्दा भिन्दै हुन सिकाइएको हुन्छ तर संसार जस्तै भएर जीवन बिताएका हुँदैन । यो सबै कुराको निम्ति वादविवाद नगरी खीष्टले यसलाई सिधै हेर्नको निम्ति सिकाउनु भएको छ । खीष्टले सिकाए जस्तै गरी प्रार्थनामा एक भयौं भने साँच्चै नै हाम्रो बीचमा एकता आउन सक्छ । आउनुहोस् हामीले खीष्टले गरेको जस्तो प्रार्थना हाम्रो बीचमा गरौं । यसलाई अभ्यासमा उतारौं । यसलाई कसैले पनि हलुका नसोचौं । एकजना मानिसले सुरु गरेपछि यसलाई हामी गुणात्मक ढङ्गले बढाउँदै जाऔं । यो सबै नकारात्मक कुराले शैतानलाई ठाउँ दिइरहेका हुन्छौं । "हुन सक्छ भने, सकेसम्म सबैसँग शान्तिमा बस" (रोमी १२ : १८) । हामी कति सक्छौं यो विषयमा गम्भीर भएर लागौं । संसार र शरीरका अभिलाषाहरूले हामीलाई खीष्ट देखी टाढा लैजान्छ उहाँले भन्नु भएको जस्तो एकतामा रहनलाई बाधा पुऱ्याउँदछ सकेसम्म खीष्टको प्रार्थनालाई आदर गर्दै एक अर्काका असल बनेर हाम्रो बाटोमा हिँडौं, जुन कुराले हामीलाई शान्ति दिन्छ त्यसको पछि लागौं र एकतालाई अगाडि बढाऔं । खीष्टले आफ्ना मानिस एक हौं भनेर त्यसै प्रार्थना गर्नु भएको होइन । मानिसहरूको बिचको अनेकता देखेर नै एकताको निम्ति प्रार्थना गर्नु भएको हो ।

३) उहाँको महिमा हेर्नु-

यी पदहरूमा अन्त्यमा येशूले आफ्ना मानिसहरू उहाँसँग रहून् भनेर प्रार्थना गर्नुहुन्छ । "पिता म इच्छा गर्दछु, कि तपाईले मलाई दिनु भएकाहरू म जहाँ छु म सँग रहून् र मेरो महिमा देखुन, जुन महिमा संसारको सृष्टि हुनु अघि देखि नै मलाई प्रेम गर्नु भएका हुनाले तपाईले मलाई दिनुभएको थियो ।"

यो साँच्चै नै हाम्रो हृदय छुने प्रार्थना येशूले गर्नु भयो । यो प्रार्थनाले जो उहाँबाट टाढा भएका छन् तिनीहरूलाई परमेश्वरको महिमा हेर्नको निम्ति उत्साहा सहितको प्रार्थना जसले मानिसलाई उहाँको नजिक डोऱ्याएको हुन्छ । तर यो पदमा खीष्टले नबोलिकन गर्ने प्रार्थना गरेर देखाउनु भएको छ ।

अहिले हामीले खीष्टलाई हाम्रो नाङ्गो आँखाले देख्न सक्दैनौं । तर हामी उहाँको बारेमा पढ्छौं, सुन्छौं विश्वास गर्छौं र उहाँले दिनुभएको आनन्दमा आनन्द लिन्छौं तरै पनि जे कुरा सबैभन्दा असल छ त्यही गर्नको निम्ति विश्वासद्वारा नै काम गर्नु पर्छ तर हाम्रो शरीरद्वारा होइन र सधैं हाम्रो सानो विचारले हामीलाई स्वर्ग जाने बारेमा सोच्न बाध्य बनाएको हुन्छ । यस संसारको अन्तको दिनमा हुन सक्छ तर खीष्टको बारेमा हामीलाई जति थाहा छ त्यो नै हाम्रो स्वर्गको बाटो हो । त्यसैले खीष्टलाई हामीले प्रत्यक्ष्य महिमामा हेर्नौं । उहाँसगै हिडौं, उहाँ भन्दा बाहिर कहिल्यै पनि नहोऔं । हामीसँग विश्वास र आशा छ भने उहाँको नजिकमा रहन सक्छौं । त्यसैले पावलले भनेको हामी याद गरौं "तब हामी बाचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाई लागिने छौ, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं । यसै कारण एउटाले अर्कोलाई यी वचनहरूले सान्त्वना देओ ।" (१ थिसलोनिकी ४ : १७-१८)

अहिले हामीलाई स्वर्गको बारेमा केही मात्र थाहा छ । जब पापीहरू उहाँको रगतद्वारा शुद्ध हुन्छन् तिनीहरूलाई स्वर्गमा स्थान पाएका छौं भनेर हर्षले रमाएका हुन्छौं । यूहन्नाले यसरी भन्दछन् "प्रिय हो, अहिले हामी परमेश्वरका सन्तान हौं र हामी के हौंला, सो अहिलेसम्म प्रकट भएको छैन । यति जान्दछौं कि, जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तै हुनेछौं, किनकि उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं ।" (१ यूहन्ना ३ : २) तर हामी उहाँसँग मृत्युपछि अनन्त सम्म रहनेछौं । त्यो व्यक्ति खीष्टमा नयाँ जन्म पाएको हुनुपर्छ । खीष्ट हाम्रो निम्ति जन्मनु भयो मर्नुभयो र तेस्रो दिनमा महिमित शरीरमा बौरी उठ्नु भयो । दाउदले भन्दछन् कि "तपाईले मलाई जीवनको मार्ग देखाउनु भएको छ । तपाईको उपस्थितिद्वारा तपाईले आनन्दले मलाई गदगद पार्नुहुनेछ । तपाईको दाहिने बाहुलीमा अनन्त आनन्द छ ।" (भजनसङ्ग्रह १६ : ११)

आउनुहोस् यी सबै सुलेमनका पुर्नामेलापका कुराहरू साथै उनको प्रार्थनालाई यही राखौं र जस्तो सुकै अवस्थामा पनि हामी सबैले सधैं याद गरौं कि खीष्टले गर्नुभएको यो तीन विशेष आवेदनहरूलाई । हामीहरू सधैं पवित्रता, एकता र उहाँको अन्तमा हुने महिमालाई जोड दिऊँ । हामी हाम्रो सपनाभन्दा बाहिर नजाओ, उहाँको विशेष आवेदनलाई मध्यनजर गरेर हाम्रो लक्ष्यलाई पूरा गरौं ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : श्री नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 2090221, 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Mrs. Shanti Poudel

Editor: Mr. Nava Raj Panta

website: www.nepalherald.blogspot.com